नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मोरङ, विराटनगर

मोरङ जिल्लाको विराटनगर क्षेत्रमा रात्रीकालीन होटल तथा व्यवसाय सञ्चालन सम्बन्धी मापदण्ड २०८३



जिल्ला प्रशासन कार्यालय
मोरङ

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मोरङ, विराटनगर

मोरङ जिल्लाको विराटनगर क्षेत्रमा रात्रीकालीन होटल तथा व्यवसाय सञ्चालन सम्बन्धी मापदण्ड, २०८३

प्रस्तावनाः मोरङ जिल्ला विराटनगर क्षेत्रमा रात्रीकालीन होटल तथा व्यवसायलाई समय सान्दर्भिक रूपमा सुरक्षित, व्यवस्थित तथा मर्यादित व्यवसायको रूपमा विकास गर्दै व्यवसायसँग अन्तरसम्बन्धित क्रियाकलाप र संलग्न हुने सञ्चालक, श्रमजीवी, कर्मचारी तथा कामदार, सेवाग्राही तथा सरोकारवाला निकायको भूमिका एवम् कार्यलाई मापदण्ड निर्धारण गरी जिम्मेवार बनाउन व्यवसायको अनुगमन तथा नियमन गर्न वाञ्छनीय भएकोले, गृह मन्त्रालयको पुर्ण समयमा व्यवसाय सञ्चालन गर्ने सम्बन्धी कार्यविधि, २०७९ को अधिनमा रही जिल्ला प्रशासन कार्यालय, मोरङले यो मापदण्ड बनाएको छ ।

१. संक्षिप्त नाम प्रारम्भ र विस्तार :

(१) यस मापदण्डको नाम "मोरङ जिल्लाको विराटनगर क्षेत्रमा रात्रीकालीन होटल तथा व्यवसाय सञ्चालन सम्बन्धी मापदण्ड, २०८३" रहेको छ ।

(२) यो मापदण्ड जिल्ला प्रशासन कार्यालय मोरङबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

(३) यो मापदण्ड विराटनगर महानगरपालिका भित्रका पूर्वमा सिंगिया खोला, पश्चिममा केशलिया खोला, उत्तरमा विराटनगर स्वागत् गेट (ढाट) र दक्षिणमा रानी सम्मको विराटनगर क्षेत्रमा लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

क. "कार्यस्थल" भन्नाले यस मापदण्डमा उल्लेखित इजाजत प्राप्त व्यवसाय गर्ने स्थललाई सम्झनु पर्छ ।

ख. "व्यवसाय" भन्नाले होटल, गेष्ट हाउस, रेष्टुरेन्ट, स्पा, क्लब, लाउन्ज, डान्स रेष्टुरेन्ट, बार, दोहोरी, लाइभ ब्याण्ड, पब, डिस्कोथेक, स्नुकर, मदिरा बिक्री पसल, पान पसल र यस्तै प्रकृतिका व्यवसाय सम्झनु पर्छ।

ग. "व्यवसायी" भन्नाले यस मापदण्ड अनुसारको व्यवसाय गर्ने व्यक्ति वा कम्पनी सम्झनु पर्छ ।

घ. "स्थानीय प्रशासन" भन्नाले जिल्ला प्रशासन कार्यालय मोरङलाई सम्झनु पर्छ।

ङ. "समिति" भन्नाले दफा १४ बमोजिमको अनुगमन समिति सम्झनु पर्छ ।

च. "सेवाग्राही" भन्नाले यस मापदण्डमा उल्लेखित व्यवसायबाट सेवाप्राप्त गर्ने उद्देश्यले आउने व्यक्तिलाई सम्झनु पर्छ ।

छ. "श्रमजीवी" भन्नाले पारिश्रमिक लिई वा नलिई पूरा वा आंशिक समयमा खण्ड २ (ख) बमोजिमको व्यवसायमा काम गर्ने कर्मचारी तथा कामदारलाई जनाउँछ।

ज. "रात्रीकालीन व्यवसाय" भन्नाले कानूनले तोकिए बमोजिम बाहेक राती १०:०० बजे पछि संचालन हुने व्यवसायलाई सम्झिनु पर्छ ।

३. व्यवसाय दर्ता भएको हुनुपर्नेः

(१) व्यवसायीले सेवाको प्रकृति अनुसार प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायमा दर्ता गरी व्यवसाय सञ्चालन अनुमति लिएको, नविकरण गरेको र नियमानुसार कर तिरेर मात्र सञ्चालन गर्नुपर्नेछ । यस्तो व्यवसाय स्वीकृत लिएको स्थानमा मात्र संचालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसायीले अनुमति प्राप्त गरेको व्यवसायिक उद्देश्य बाहेकका अन्य व्यवसाय वा सेवा सञ्चालन गर्न पाइने छैन।

(३) उपदफा (१) बमोजिम व्यवसाय सञ्चालन गर्ने व्यवसायीले प्रचलित कानूनले तोकेका कार्यका अतिरिक्त देहायका कार्यको परिपालना गर्नुपर्नेछः

क. व्यवसाय सम्बन्धित निकायमा तोकिएको समयमा नियमानुसार नवीकरण गर्ने ।

ख. प्रचलित कानून बमोजिम व्यवसायको स्थायी लेखा नम्बर / मु.अ.करमा दर्ता गर्ने ।

ग. प्रचलित कानून बमोजिम लाग्ने कर तथा राजश्व तोकिएको समयमा बुझाउने ।

घ. प्रचलित कानूनलाई पूर्ण रूपमा परिपालना गर्ने।

ङ. रात्रीकालीन रुपमा संचालन हुने व्यवसायले सुरक्षाको आन्तरिक प्रवन्ध र कर्मचारीको पिक एण्ड ड्रप र सुरक्षाको समेत प्रवन्ध गर्नुपर्ने छ ।

च. स्पा को हकमा तालिम प्राप्त तथा प्रमाणपत्र प्राप्त व्यक्तिले मात्र स्पा सम्बन्धी कार्य गर्नुपर्नेछ ।

छ. स्वीमिङ पुल संचालनमा रहेका होटलले सेवाग्राहीको न्यूनतम विमा गरेको हुनुपर्नेछ ।

ज. क्यासिनो र क्यासिनो संचालन गर्ने होटलको हकमा क्यासिनो नियमावली, २०८२ अनुसार संचालन गर्नु पर्नेछ ।

झ. पर्यटक स्तरको होटलहरुको हकमा पर्यटन ऐन, २०३५ वमोजिम हुनेछ ।

४. रात्रीकालीन समयमा व्यवसाय सञ्चालन गर्न समय निर्धारण र अनुमति प्रदान गर्ने :

(१) व्यवसायीले रात्रीकालीन व्यवसाय सञ्चालन गर्दा समितिको सिफारिसमा जिल्ला प्रशासन कार्यालय मोरङले तोकेको समयमा मात्र सञ्चालन गर्नुपर्नेछ ।

(२) कुनै पनि व्यवसायीले जिल्ला प्रशासन कार्यालयले तोकेको रात्रीकालिन समय बाहेको समयमा व्यवसाय संचालन गर्नु पर्ने भएमा जिल्ला प्रशासन कार्यालयमा आवश्यक कागजात संलग्न गरी निवेदन दिनुपर्दछ ।

(३) दफा २ बमोजिम निवेदन प्राप्त भएपछि मापदण्ड पूरा भए नभएको सन्दर्भमा अनुसूची २ मा उल्लेखित सूचकहरुको आधारमा स्थलगत रुपमा अनुगमन गरी कुनै व्यवसाय वा एकै प्रकृतिका व्यवसाय भएका कुनै क्षेत्रलाई अनुगमन प्रतिवेदनका आधारमा जिल्ला प्रशासन कार्यालयले रात्रीकालिन व्यवसाय सञ्चालन गर्न अनुमति दिन सक्नेछ र सोको अभिलेख जिल्ला प्रशासन कार्यालयमा रहने छ ।

५. सेवाको उपलब्धता सम्बन्धी व्यवस्थाः रात्रीकालीन समयमा मनोरञ्जनात्मक व्यवसाय सार्वजनिक सदाचार र नैतिकताको आधारभूत मूल्य र मान्यता प्रतिकूल नहुने गरी सभ्य, शिष्ट र मर्यादित रुपमा सञ्चालन गर्नुपर्नेछ र त्यस्ता व्यवसाय सञ्चालन गर्दा प्रचलित कानूनमा तोकिएका व्यवस्था सहित देहायका शर्तको अनिवार्य पालना गर्नुपर्नेछः-

क. सेवाप्रदायक र सेवाग्राहीले पालना गर्नुपर्ने जिम्मेवारी तथा दायित्व सबैले देख्न र पढ्न सक्ने गरी सूचना पाटीमा राख्नु पर्नेछ ।

ख. कलाकारहरूले गायन तथा नृत्य प्रदर्शन गर्दा मौलिकता, संस्कृति झल्कने तथा सीपमूलक नृत्य प्रदर्शन गर्नुपर्नेछ र डान्सबार तथा नृत्य मनोरञ्जन हुने स्थानमा अश्लिलता प्रदर्शन नहुने गरी स्वस्थ, सभ्य एवं मर्यादित रुपमा मनोरञ्जन दिने गरी गायन तथा नृत्य प्रदर्शन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

ग. डान्स रेष्ट्रेरेन्ट एण्ड बार, दोहोरी, लाइभ व्याण्ड, लाउन्ज बार, पव बार, क्लव र डिस्कोथेक जस्ता व्यवसायमा १८ वर्ष मुनिका बालबालिकाहरूलाई ग्राहकको रूपमा प्रवेश गराउन पाइने छैन ।

घ. १८ वर्ष नपुगेका ग्राहकलाई सूर्ती तथा मदिराजन्य पदार्थ बिक्री गर्न पाइने छैन र धुम्रपान तथा सूर्ति सेवन नगर्ने व्यक्तिलाई असर नपर्ने स्थानमा धुम्रपान तथा सूर्ति सेवन गर्ने प्रयोजनका लागि छुट्टै क्षेत्र तोक्नु पर्नेछ ।

ङ. सेवा लिए पश्चात् व्यवसाय स्थलबाट घरसम्म पुयाइदिन सेवाग्राहीले अनुरोध गरेमा व्यवसायीले सवारी साधनको व्यवस्थापन गर्नु पर्नेछ, यसका लागि आवश्यक शुल्क लिन सकिनेछ ।

च. रात्रीकालीन समयमा गीत संगित बजाउदा छर छिमेकीहरुसम्म आवाज नपुग्ने गरी व्यवसायीले साउण्ड प्रुफ भवन निर्माण गरी बाहिर हो-हल्ला तथा आवाज नजाने उचित प्रवन्ध गरी व्यवसाय संचालन गर्नुपर्ने छ ।

छ. प्रचलित कानूनले वन्देज गरेका कुनै पनि प्रकारका गैरकानूनी क्रियाकलाप गर्न, गराउन पाइने छैन ।

ज. सेवाग्राहीको सवारी साधन पार्किङ्ग गर्नका लागि सम्बन्धित व्यवसायीले पार्किङ्गको अनिवार्य व्यवस्था गर्नुपर्नेछ । सार्वजनिक वाटोमा सवारी साधनको आवत जावतमा असर पर्ने गरी आफ्नो सेवाग्राहीको सवारी साधन पार्किङ्ग गराउन पाइने छैन।

६. **व्यवसायीको कर्मचारीप्रतिको दायित्वः** व्यवसायीले आफ्नो व्यवसाय सञ्चालनका लागि नियुक्त कर्मचारी तथा कामदारलाई काममा लगाउँदा प्रचलित कानूनमा तोकिएको व्यवस्थाको अतिरिक्त देहायको दायित्व तथा कार्यको पालना गर्नुपर्नेछ

क. आवश्यक पर्ने कर्मचारी तथा कामदारहरुलाई नियुक्ति पत्र दिएर मात्र काममा लगाउने,

ख. कानूनले निषेध गरेको बालश्रमिकको प्रयोग नगर्ने, नगराउने,

ग. नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक नघट्ने गरी कर्मचारी तथा कामदारको योग्यता, क्षमता र पद अनुसार मासिक तलब तथा सेवा सुविधाको व्यवस्था गर्ने साथे जोखिमपूर्ण काम भएमा जोखिम बिमाको समेत व्यवस्था मिलाउने।

घ. अतिरिक्त समयमा काम लगाउनुपर्दा समयावधिका आधारमा अतिरिक्त सुविधा दिने,

ङ. तलब भत्ता तथा अन्य आर्थिक सुविधा बैकिङ्ग प्रणाली मार्फत् उपलब्ध गराउने,

च. कर्मचारीलाई आलो पालो वा सिफ्टको व्यवस्था गरी काममा लगाउने,

छ. कर्मचारी तथा कामदारले पालना गर्नुपर्ने आचारण निर्धारण गरी सोको पालना गर्ने व्यवस्था मिलाउने,

ज. कर्मचारी र कामदारको लागि परिचय पत्र तथा कार्य प्रकृति अनुसार उपयुक्त पोशाकको व्यवस्था गर्ने,

झ. कर्मचारी तथा कामदारको लागि रातीमा काममा लगाउनुपर्दा घरबाट आउन जान ट्रान्सपोर्ट (Pick up / Drop) रातीको खानाको व्यवस्था गर्ने,

ञ. समान कामको लागि समान पारिश्रमिक प्रदान गर्ने सुनिश्चितता गर्ने,

ट. कर्मचारीको लागि बिदाको व्यवस्था गर्ने,

ठ. कार्यस्थलमा यौन शोषण, यौनजन्य हिंसा, लैंगिक हिंसा र दुर्व्यवहार नहुने वातावरण निर्माण भएको हुनुपर्ने

ड. कर्मचारी तथा कामदारको गुनासो सुन्ने र त्यसको उचित सम्बोधन हुने व्यवस्था गर्ने,

७. **सरसफाई तथा स्वास्थ्य जोखिम न्यूनिकरण सम्बन्धी व्यवस्थाः**

व्यवसायीले व्यवसाय सञ्चालन गरेको स्थलमा प्रचलित कानूनले तोकेका सरसफाई सम्बन्धी मापदण्डका अतिरिक्त देहायका कार्य समेत गर्नुपर्नेछः-

क. खाद्य पदार्थको स्वच्छता,गुणस्तरता खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ ले निर्दिष्ट गरे बमोजिम हुनु पर्नेछ।

ख. विभिन्न समयमा जारी भएका स्वास्थ्य मापदण्ड पालना गर्ने गराउने,

ग. महिला र पुरुषको लागि अलग-अलग लैङ्गिकमैत्री शौचालयको व्यवस्था गर्ने,

घ. ग्राहक कक्ष तथा भान्सामा आवश्यक्ता अनुसार झ्याल, ढोका, चिम्नी तथा भेन्टिलेशनको व्यवस्था भएको हुनुपर्ने,

ङ. निर्मलीकरणको लागि उपकरण प्रयोग तथा त्यसलाई चालु अवस्थामा राख्ने प्रबन्ध मिलाउने,

च. व्यावसायिक स्थलको नियमित सरसफाईको प्रबन्ध गर्नुपर्ने,

८. सुरक्षा सम्बन्धी व्यवस्थाः

व्यवसायीले व्यवसाय सञ्चालन गर्दा देहायका सुरक्षासँग सम्बन्धित कार्यको व्यवस्था गर्नु गराउनु पर्नेछः-

क. व्यावसायिक स्थलको (Entry & Exit) प्रवेशद्वार, वरिपरी तथा आसपासको सडक क्षेत्रसम्मको पहुँच हुने गरी सि.सि.टि.भि. को व्यवस्था गर्नुपर्ने र नियमानुसार त्यसको रेकर्ड कम्तिमा ३० दिनसम्म सुरक्षित राख्नु पर्नेछ ।

ख. व्यवसाय स्थलमा Sound Control System जडान गरी ध्वनि प्रदूषण नियन्त्रण गर्न उचित व्यवस्था भएको हुनुपर्ने, कुनैपनि व्यवसायीले रातीको समयमा आसपासको क्षेत्रमा ध्वनीप्रदुषण हुने गरी आवाज वजाएमा, छर छिमेकीलाई बाधा पुगेमा र अनुगमनको क्रममा सो विषय प्रमाणित भएमा व्यवसायीलाई दिइएको रात्रीकालीन व्यवसाय संचालनको सुविधा रद्द गर्न सकिनेछ ।

ग. Live Music, Pub Dance club, Disco, दोहोरी आदिमा प्रयोग हुने उपकरणहरूलाई आवाज वाहिर नजाने गरी अनिवार्य रुपमा Sound Proof गर्ने उपाय अवलम्बन गरी ध्वनि प्रदुषण तथा होहल्ला नहुने व्यवस्था मिलाउनु पर्नेछ ।

घ. मादक पदार्थ सेवन गरेका सेवाग्राहीले होटल/रेष्टुरेन्ट परिसर छोड्दा व्यवसायीले निज सेवाग्राहीलाई सुरक्षित यातायातको व्यवस्था (Drop) गरिदिनु पर्नेछ । सवारी साधनको व्यवस्था गरिदिए वापत सेवाग्राहीबाट न्यूनतम् अतिरिक्त शुल्क माग गर्न सक्नेछ ।

ङ. व्यवसायस्थल परिसरभित्र तथा आगमन र प्रस्थान हुने कम्तीमा १०० मिटरसम्मको सडक र आसपासका क्षेत्रहरुमा आवश्यक मात्रामा बत्तीको व्यवस्था मिलाई आवतजावत गर्न सजिलो हुने प्रबन्ध मिलाएको हुनुपर्नेछ।

च. व्यवसायको नाम र ठेगाना उल्लेख गरी सजिलै देख्न सकिने ठाउँमा Digital Display Board को व्यवस्था गर्नुपर्नेछ।

छ. आवश्यकता अनुसार अग्नि नियन्त्रण (Fire Extinguisher) सामग्रीको व्यवस्था गरेको हुनुपर्नेछ ।

ज. व्यावसायिकस्थलको आन्तरिक सुरक्षाको लागि परिचय पत्र र ड्रेस सहितको सुरक्षा गार्डहरुको (आवश्यक्ता अनुसार) अनिवार्य व्यवस्था गर्नुपर्नेछ ।

झ. आपत् परेको अवस्थामा आपत्कालीन द्वार प्रयोग गरी सहज तरिकाले बाहिर आउने प्रबन्ध मिलाएको हुनुपर्नेछ।

ञ. होटलमा कर्मचारी तथा कामदारको नियमित अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

ट. छिमेकी एवम् आसपासको समुदायलाई कुनै असर नपर्ने र गुनासो नआउने गरी व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

ठ. नजिकको सुरक्षा निकायसँग सम्पर्क र समन्वय गरी आवश्यक परेका बखत सहयोग लिनसक्ने प्रबन्ध मिलाउनु पर्नेछ ।

ड. प्रचलित कानूनमा भएका व्यवस्था परिपालना गरी सार्वजनिक नैतिकता र शान्ति सुरक्षालाई सकारात्मक टेवा पुग्ने गरी व्यवसाय सञ्चालन गर्नुपर्नेछ ।

ढ. विद्युत आपूर्तिको वैकल्पिक व्यवस्था गर्नुपर्नेछ ।

ण. प्रत्येक ठाउँमा सेवाग्राहीले पालना गर्नुपर्ने आचरण देख्ने गरी राख्नुपर्नेछ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मोरङ, विराटनगर

त. होटल व्यवसायले विदेशी नागरिकहरुको हकमा पासपोर्ट र नेपाली नागरिकहरुको हकमा परिचयपत्रको रेकर्ड राखेर मात्र होटल वासको व्यवस्था गर्नु पर्नेछ ।

९. **व्यवसायीको श्रमजीवी महिलाप्रतिको दायित्व र आचार संहिताको पालनाः** व्यवसायीले कार्यस्थलमा श्रमजीवी महिलामाथि यौन उत्पीडन,यौन शोषण र अमर्यादित व्यवहार हुन नदिन देहायको आचारसंहिताको पालना गर्नु गराउनु पर्नेछ।

क. सेवाग्राहीबाट श्रमजीवी महिलालाई यौन उत्पीडन, यौन शोषण र उनीहरुको मर्यादामा आँच पुग्ने काम कारवाही गरेमा वा गर्न लगाएमा त्यसबाट सुरक्षा प्रदान गर्ने, गराउने ।

ख. श्रमजीवी महिलाको सुरक्षाको यथोचित प्रबन्ध गर्ने, गराउने ।

ग. श्रमजीवी महिलाको लागि सुरक्षित कोठामा बच्चालाई स्तनपानको व्यवस्था गर्ने ।

घ. श्रमजीवी महिलाको लागि सुरक्षित पोशाक परिवर्तन कक्षको व्यवस्था गर्ने ।

ङ. श्रमजीवी महिला कर्मचारीले गरेको गुनासोको तत्काल समाधान गर्ने, गराउने ।

च. रेष्टुरेन्ट, मसाज पार्लर, डान्सवार वा दोहोरी आदिमा कुने सेवाग्राहीले प्रचलित कानून बमोजिम गर्न नहुने तथा सामाजिक मर्यादा विपरीत कार्य गरेमा त्यस्तो सेवाग्राहीबाट श्रमजीवी महिलालाई बचाउन वा निजलाई त्यस्तो स्थानबाट निकाल्न सुरक्षा गार्डको व्यवस्था गर्नुपर्ने ।

छ. मसाज पार्लर, स्पा, क्याविन आदिको ढोकामा चुकुल वा लक राख्न नपाउने ।

ज. व्यवसाय सञ्चालकले प्रचलित श्रम सम्बन्धी कानून तथा अन्य कानूनको पालना गर्नु, गराउनु पर्नेछ ।

१०. **सेवाग्राहीले पालना गर्नपर्ने आचरणः**

सेवाग्राहीको रूपमा संलग्न संलग्न हुने व्यक्तिले देहायका आचरण पालना गर्नुपर्नेछः-

क. सेवाग्राहीले राती १०:०० बजे पछि सेवा लिन वाहिर निस्कदा अनिवार्य रुपमा आफ्नो परिचय खुल्ने परिचयपत्र लिएर मात्र निस्किनु पर्नेछ र डिउटीमा खटिएका सुरक्षाकर्मीले माग गरेका वखत आफ्नो परिचयपत्र उपलब्ध गराउनु पर्नेछ ।

ख. श्रमजीवी कर्मचारी तथा कामदारहरुप्रति सम्मानजनक व्यवहार गर्ने ।

ग. मादक पदार्थ सेवन गरी होहल्ला गर्न एवम् अभद्र व्यवहार गर्न नहुने ।

घ. यौन उत्पीडन, यौन शोषण तथा अमर्यादित व्यवहार गर्न वा गर्न लगाउने वा सोको दुरुत्साहन गर्न नहुने र

ङ. कानूनले निषेधित गरेको अन्य कार्य गर्न गराउन नहुने ।

११. **कर्मचारी तथा कामदारले पालना गर्नुपर्ने आचरणः** व्यवसाय सञ्चालनको लागि नियुक्त कर्मचारी तथा कामदारले व्यवसायिक कार्यमा संलग्न हुँदा देहायका आचरणको पालना गर्नुपर्नेछः

क. व्यवसायलाई मर्यादित र व्यवस्थित रूपमा सञ्चालन गर्नको लागि व्यवसाय सञ्चालकलाई सहयोग पुऱ्याउने,

ख. व्यवसाय सञ्चालकबाट निर्धारण गरिएको पोशाक तथा उपलब्ध गराएको परिचय पत्र लगाउने,

ग. सेवाग्राहीहरूसँग शिष्ट र मर्यादित व्यवहार प्रदर्शन गर्ने,

घ. आफ्नो कार्य समयमा मादक पदार्थ सेवन गर्ने तथा सेवाग्राहीसँगै बस्न तथा खान नहुने,

ङ. एक आपसमा आवश्यक परेको बेलामा सहयोगको भाव राख्ने,

च. उत्तेजक र अमर्यादित पोशाक लगाई नृत्य गर्न, गीत गाउन नहुने,

छ. व्यवसायी सञ्चालकसँग आफ्ना गुनासोहरू मर्यादित, शिष्ट र सभ्य तरिकाबाट राख्ने तथा सामुहिक सौदाबाजीको माध्यमबाट गुनासो व्यवस्थापनमा व्यवसायीलाई सहयोग गर्ने, र

ज. प्रचलित श्रम तथा अन्य कानूनमा भएका व्यवस्था पालना गर्ने गराउने व्यवस्था मिलाउनु पर्नेछ।

१२. व्यवसाय सञ्चालन गर्ने समयः

१. राती १०:०० बजेसम्म संचालन गर्ने व्यवसायको हकमा कुनै कानूनद्वारा तोकिएको अवस्थामा बाहेक रात्रीकालीन व्यवसाय संचालनको अनुमति लिनु नपर्ने।

२. राती १२:०० बजेसम्म संचालन गर्न चाहने पान पसल, मिठाई पसल, चिया पसल, आइसक्रिम पसल, किराना पसल, रेष्टुरेन्ट, खाना/खाजा पसल, दोहोरी, गजल आदिले तोकिएको मापदण्ड पुरा गरी आवेदन गरेमा मापदण्ड पुगेको अवस्थामा जिल्ला प्रशासन कार्यालय मोरङले रातीको १२:०० बजेसम्म व्यवसाय सञ्चालन गर्न अनुमति प्रदान गर्नेछ ।

३. राती २:०० बजेसम्म संचालन गर्न चाहने Live Music, Pub Dance club, Disco, Lounge Bar आदिले तोकिएको मापदण्ड पुरा गरी आवेदन गरेमा मापदण्ड पुगेको अवस्थामा जिल्ला प्रशासन कार्यालय मोरङले रातीको २:०० बजेसम्म व्यवसाय सञ्चालन गर्न अनुमति प्रदान गर्नेछ ।

४. मदिरा पसलको हकमा मदिरा नियमहरु, २०३३ बमोजिम विहान १०:०० बजे देखी राती १०:०० बजे सम्म मात्र विक्री वितरण गर्नु पर्नेछ ।

५. होटल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३ को दफा ३ बमोजिम रात्रीकालीन अनुमति प्राप्त व्यवसायीले दिउँसो १२:०० बजे भन्दा पहिले र शुक्रवारको हकमा राती १:०० बजे पछि र अन्य वारको हकमा राती १२:०० बजे पछि आफ्नो व्यवसायमा कसैलाई मदिरा बिक्री गर्न वा खुवाउन पाइने छैन।

६. रात्रीकालिन समयमा कुनै व्यवसायीले व्यवसाय सञ्चालन गर्न चाहेमा **अनुसूची १** बमोजिमको चेक लिष्ट र व्यवसाय सञ्चालनमा रहेको स्थानीय तह (वडा कार्यालय) को सिफारिस सहित जिल्ला प्रशासन कार्यालयमा आवेदन दिनुपर्ने छ । त्यस्ता आवेदन माथि समितिले आवश्यक अनुगमन, मूल्याङ्कन गरी रात्रीकालिन व्यवसायलाई तोकिएको समयमा सञ्चालनका लागि जिल्ला प्रशासन कार्यालय, मोरङमा सिफारिस गर्ने र सो सिफारिसका आधारमा जिल्ला प्रशासन कार्यालय, मोरङले समय सीमा तोकी रात्रीकालीन व्यवसाय सञ्चालनको अनुमति प्रदान गर्न सक्नेछ ।

१३. अन्य व्यवस्थाः

व्यवसायीले व्यवसाय सञ्चालन गर्दा देहायका व्यवसायिक कार्य समेत पालना गर्नुपर्नेछः-

क. प्रदान गर्ने सेवाको विवरण र सोको मुल्यसूची, मेन्यू कार्ड अनिवार्य रूपमा सबैले देख्ने स्थानमा राख्नुपर्ने,

ख. सञ्चालन गरेको व्यवसायको प्रमाणपत्रहरू सबैले देख्ने ठाउँमा राख्नुपर्ने,)

ग. समय समयमा कर्मचारी तथा कामदारलाई कामको सम्बन्धमा तालिम तथा प्रशिक्षण दिने व्यवस्था मिलाउने.

घ. व्यवसाय सञ्चालनका सम्बन्धमा समुदायस्तरमा कुनै विवाद नआउने गरी सञ्चालन गर्ने वातावरण बनाउने,

ङ. उपभोग्य वस्तु वा सेवाको तोकिएको भन्दा वढि मूल्य तथा मेन्यू कार्डमा उल्लेख गरिएको भन्दा बढी र असाधारण मूल्य असुल गर्न नपाइने ।

१४. अनुगमन समिति सम्बन्धी व्यवस्थाः

(१) यस मापदण्ड अनुसूची १ बमोजिमको निवेदन अनुसार निरीक्षण गर्ने, दफा ४ बमोजिम सिफारिस गर्ने र यस मापदण्ड पालनाको लागि निरीक्षण तथा अनुगमन गर्न गराउन देहायको जिल्लास्तरीय अनुगमन समिति रहनेछः

क. सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय	- संयोजक
ख. अधिकृत प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय मोरङ	- सदस्य
ग. अधिकृत प्रतिनिधि, सशस्त्र प्रहरी वल नेपाल नं.३ गण हे.क्वा कंकालिनी मोरङ	- सदस्य
घ. अधिकृत प्रतिनिधि, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, मोरङ	- सदस्य
ङ. अधिकृत प्रतिनिधि, विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय मोरङ	- सदस्य
च. प्रतिनिधि, सम्बन्धित होटल व्यवसायी संघ/ पर्यटन व्यवसायी संघ	- सदस्य
छ. जिल्ला प्रशासन कार्यालय मोरङको प्रशासकीय अधिकृत	-सदस्य सचिव

(२) समितिको बैठक तथा अन्य मापदण्ड समिति आफैले निर्धारण गर्नेछ।

(३) यस मापदण्डमा अन्यत्र उल्लेख भएका अनुगमन समितिका काम, कर्तव्य र अधिकारका अतिरिक्त अनुगमन समितिका अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हनेछन्ः-

क. समिति समक्ष परेको उजुरीको छानबीन गर्ने गराउने,

ख. व्यवसाय सञ्चालन भएको ठाउँमा यस मापदण्ड र प्रचलित कानून विपरित काम भए नभएको अनुगमन गर्ने गराउने,

ग. सञ्चालित व्यवसायहरूको समय-समयमा आकस्मिक निरीक्षण गर्ने र त्यसरी निरीक्षण गर्दा यस मापदण्ड प्रतिकूल काम भैरहेको वा हुन लागेको वा हुनसक्ने आशंकाको विद्यमानता देखिएमा तत्काल त्यस्ता कार्यहरू नियन्त्रण गरी आवश्यक कारवाही प्रक्रिया सुरु गर्ने,

घ. श्रमजीवी महिला कार्यरत रहेको स्थानलाई थप व्यवस्थित र मर्यादित बनाउन आवश्यक निर्देशन दिने र त्यस्तो निर्देशनको पालना गर्न सम्पूर्ण व्यवसायीको कर्तव्य हुनेछ,

ङ. व्यवसायमा कानून विपरितका कार्य भएको देखेमा वा तत्सम्बन्धमा कुनै उजुरी परेमा सो सम्बन्धमा आवश्यक छानविन एवम् कारवाहीको लागि सम्बन्धित निकायमा पठाउने,

च. मापदण्ड पुरा नगरेका व्यवसायलाई यस मापदण्ड बमोजिमको सुविधाबाट बञ्चित गरिने छ।

१५. उजुरी एवम् कारवाही :

(१) कुनै व्यवसायीले यस मापदण्डमा तोकिएका प्रावधानहरु पालना नगरेमा यस मापदण्डमा उल्लेखित रात्रीकालीन सुविधाको अनुमति तत्काल रद्द गरिने र कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम थप कारबाही समेत गरिनेछ ।

(२) यस मापदण्ड बमोजिमा उल्लिखित निषेधित कार्यबाट कुनै श्रमजीवी पीडित भएमा वा पीडित हुने आशंका भएमा पीडित आफैले वा सोको बारेमा जानकारी प्राप्त गर्ने जोसुकैले दफा १४ बमोजिमको समिति समक्ष वा नजिकको प्रहरी कार्यालयमा आफूले देखे सुने जानेको सम्पूर्ण कुरा खुलाई उजुरी दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रहरी कार्यालयमा उजुरी परेमा सम्बन्धित प्रहरी कार्यालयले तत्काल पीडितको स्वास्थ्य एवम् सुरक्षाको प्रबन्ध गरी प्राप्त उजुरी उपर आवश्यक कारवाही अगाडि बढाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको उजुरीको कारवाही गोप्य हुनेछ र कुनै तथ्य प्रकाशन गर्नु परेमा अनुगमन समितिको अनुमतिमा परिवर्तित नामबाट मात्र प्रकाशित गर्नुपर्नेछ ।

(५) यस दफा बमोजिम उजुरी उपर छानविन गर्दा कर्मचारी वा कामदारउपर गर्न नहुने काम गरेको पाइएमा वा मापदण्ड पुरा गरेको नपाईएमा त्यस्तो कार्य रोक्न व्यवसायीलाई आवश्यक निर्देशन दिन सकिनेछ र त्यसरी दिईएको निर्देशनको पालना गर्नु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ ।

(६) व्यवसायले मापदण्ड पालना नगरेको गुनासो दफा १४ बमोजिमको समितिले छानविन गरी आवश्यक निर्णय लिनेछ ।

(७) यस मापदण्डको कार्यान्वयन भए नभएको सम्बन्धमा समितिले समय समयमा अनुगमन गरी आवश्यक कारबाही अगाडी बढाउने,

१६. **उपसमिति गठन गर्न सक्ने :** समितिले यस मापदण्डको पालना गराउने तथा उजुरी छानबीन गर्ने प्रयोजनका लागि आवश्यकतानुसार समितिका सदस्यहरूमध्येबाट उपसमिति गठन गर्न सक्नेछ र त्यस्तो उपसमितिको कार्य क्षेत्रगत शर्त समितिले तोके बमोजिम हुनेछ ।

१७. **अधिकार प्रत्यायोजन गर्न सक्ने :** समितिले आफूलाई प्राप्त अधिकार समितिको कुनै सदस्य वा उपसमिति बनाई प्रत्यायोजन गर्न सक्नेछ ।

१८. **अनुगमन गर्नुपर्ने:** समितिले अनुगमन गर्दा अनुसूची १ बमोजिमको निवेदनमा उल्लेखित सूचकहरुको आधारमा गर्नुपर्नेछ ।

१९. **निर्देशन दिन सक्ने:** जिल्ला प्रशासन कार्यालयले प्रस्तुत मापदण्ड संशोधन, परिमार्जन र खारेज गर्न सक्नेछ। साथै उक्त समितिलाई आवश्यक निर्देशन दिन र कानून विपरित गतिविधि गर्ने व्यवसाय र संचालकलाई प्रचलित कानून बमोजिम कारवाहि समेत गर्न सक्नेछ ।

२०. **प्रचलित कानून बमोजिम हुने:** यो मापदण्डमा व्यवस्था गरिएका विषयको हकमा यसै बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

२१. **कारवाहीमा असर नपर्ने:** यो मापदण्डमा लेखिएको कुराहरूले पीडित पक्षले प्रचलित कानून बमोजिम कारबाही चलाउन पाउने कुरामा असर पार्ने छैन।

२२. **विवध :**

क) रात्रीकालीन व्यवसाय संचालनका लागि कुनै निर्णय लिनुपर्ने भएमा सरोकारवालासँगको छलफलमा जिल्ला सुरक्षा समिति, मोरङले आवश्यक निर्णय गर्न सक्नेछ ।

ख) यस मापदण्डमा उल्लेखित प्रावधानहरु नेपालको कुनै प्रचलित कानूनसँग बाझिन गएमा सोही कानूनमा रहेको व्यवस्था बमोजिम हुनेछ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मोरङ, विराटनगर

अनुसूची १

(दफा ४ को उपदफा ३, दफा ९, दफा १४ को उपदफा १ र दफा १८ को उपदफा १ बमोजिम)

अनुगमन सूचक सहितको निवेदन फारम

व्यवसाय संचालकको फोटो

व्यवसायको नाम .....

ठेगाना .....

सञ्चालकको नाम .....

रात्रीकालिन व्यवसाय सञ्चालनका लागि अनुमती लिएको मिति .....

व्यवसायको दर्ता मिति .....

व्यवसाय नविकरण मिति .....

स्थायी लेखा नं. .....

जारी गर्ने निकाय .....

इजाजतको किसिम .....

अनुगमन सूचक

क. व्यवसाय दर्ता सम्बन्धमा				
क्र.स.	विवरण	भएको	नभएको	कैफियत
१	व्यवसायको प्रकृति अनुसार सम्बन्धित निकायमा दर्ता			
२	सम्बन्धित निकायबाट अनुमति लिएको / नलिएको			
३	स्थानीय प्रशासनलाई व्यवसाय सञ्चालनको जानकारी दिएको/ नदिएको			
४	व्यवसाय नियमानुसार नविकरण			
५	व्यवसाय प्यान/भ्याटमा दर्ता			
६	कुनै किसिमको राजश्व तिर्न वाकी			
७	रात्रीकालिन मनोरञ्जन तथा व्यवसाय सञ्चालन गर्न अनुमती लिएको / नलिएको			
८	व्यवसाय सञ्चालनका लागि तोकिएको उद्देश्य भन्दा अलग प्रकृतिको व्यवसाय सञ्चालन गरेको/नगरेको			
ख. व्यवसाय सञ्चालनको समय र अनुमती सम्बन्धमा				
क्र.स.	विवरण	गरेको	नगरेको	कैफियत
१	स्थानीय प्रशासनले निर्धारण गरेको समयमा व्यवसाय सञ्चालन			
२	सरकारले जारी गरेको स्वास्थ्य कार्यविधि सम्बन्धी व्यवस्था पालना			
ग. सेवाको उपलब्धताको अवस्था				
क्र.स.	विवरण	छ	छैन	कैफियत
१	सेवा प्रदायक र सेवाग्राहीले पालना गर्नुपर्ने दायित्व सूचना पार्टीमा सबैले सजिलै देख्ने र पढ्न सक्ने गरी राखेको/ नराखेको			

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गोरखा, विराटनगर

२	कलाकारहरुले गाउने तथा नृत्य कलाकारिता प्रदर्शन गर्दा मौलिक, सस्कृति झल्कने तथा सीपमूलक नृत्य प्रदर्शन गर्ने व्यवस्था गरेको/नगरेको			
३	स्वदेशी तथा विदेशी पर्यटक पाहुनाहरुलाई मनोरञ्जन प्रदान गरी आर्थिक वृद्धिमा टेवा पुऱ्याउने गरी व्यवसाय सञ्चालन गरेको/नगरेको			
४	डान्सबार तथा नृत्य मनोरञ्जन हुने स्थानमा अश्लिलता प्रदर्शन नहुने गरी स्वास्थ्य मनोरञ्जन दिने गरी गायन तथा नृत्य प्रदर्शन गर्ने व्यवस्था मिलाएको/नमिलाएको			
५	डान्स, रेष्टुरेन्ट एण्ड बार, लाईभ व्याण्ड, लाउन्ज बार, पबबार, क्लब र डिस्कोथेक जस्ता व्यवसायमा १८ बर्ष मुनिका बालबालिकाहरुलाई ग्राहकको रुपमा प्रवेश गराएको/नगराएको			
६	१८ बर्ष मुनिका ग्राहकलाई सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री गर्ने गरेको/ नगरेको			
७	धुम्रपान तथा सूर्ती सेवन नगर्ने व्यक्तिहरुलाई असर नपर्ने स्थानमा धुम्रपान तथा सूर्ती सेवन गर्ने प्रयोजनका लागि छुट्टै स्थान/क्षेत्र (Smoking Zone) तोकेको/ नतोकेको			
८	व्यवसायको निर्धारित मूल्यसूची विपरित अनावश्यक रुपमा बिलिङ्ग गरी ग्राहकलाई गैरकानुनी रुपमा दुख दिने गरेको/नगरेको			
९	सेवा लिए पश्चात व्यवसाय स्थलबाट घरसम्म पुऱ्याइदिन ग्राहकले अनुरोध गरेकोमा व्यवसायीसँग सःशुल्क सवारी साधनको व्यवस्था गरिएको/ नगरिएको			
१०	सवारी साधन आवत जावतमा अवरोध नहुने गरी ग्राहकको संख्याको आधारमा पार्किङ तथा सहज आवागमनको व्यवस्था मिलाईएको / नमिलाईएको			

घ. कर्मचारी सम्बन्धी व्यवस्था

क्र.स.	विवरण	छ	छैन	कैफियत
१	कर्मचारीहरुलाई नियुक्ति पत्र दिएको / नदिएको			
२	कामदार कर्मचारीहरुको योग्यता, क्षमता र पद अनुसार व्यवसायी र पेशाकर्मी/कर्मचारी बीचको सम्झौता बमोजिम मासिक पारिश्रमिकको व्यवस्था गरेको/नगरेको			
३	नेपाल सरकारबाट तोकिएको समय भन्दा बढी काम लगाएको/ नलगाएको			
४	अतिरिक्त समय काम गर्नु पर्दा अतिरिक्त सुविधा दिएको/नदिएको			
५	नेपाल सरकारले तोकेको न्यूनतम तलब उपलब्ध गराएको / नगराएको			
६	तलब सेवा सुविधा नियमित रुपमा उपलब्ध गराएको / नगराएको			
७	तलब सेवा सुविधा उपलब्ध गराउँदा बैंकिङ् प्रणाली प्रयोग भएको / नभएको			
८	कर्मचारी कामदारको जोखिम विमाको व्यवस्था गरेको/नगरेको			
९	समान कामको लागि समान पारिश्रमिक प्रदान गरेको / नगरेको			
१०	कार्मचारीको लागि विदाको व्यवस्था भएको / नभएको			

ङ. पेशागत आचारण सम्बन्धी

क्र.स.	विवरण	छ	छैन	कैफियत
१	कर्मचारीको लागि कार्य प्रकृति अनुसार पोशाकको व्यवस्था भएको / नभएको			

२	कर्मचारीको लागि रात्रीमा काममा लगाउनुपर्दा घरबाट आउन जान ट्रान्सपोर्ट (Pick up/Drop) को व्यवस्था भएको/ नभएको			
३	रात्रीमा काम लगाएका कर्मचारीहरुलाई रात्रीकालीन खानाको व्यवस्था भएको/ नभएको			
४	महिला कर्मचारी तथा कामदारको बालबालिकालाई स्तनपान गराउने कक्षको व्यवस्था भएको / नभएको			
५	महिला कर्मचारीको लागि सुरक्षित पोशाक परिवर्तन कक्ष (Changing Room) को व्यवस्था भएको / नभएको			

च. सरसफाई सम्बन्धी व्यवस्था

क.स.	विवरण	छ	छैन	कैफियत
१	कर्मचारी तथा कामदारले स्वास्थ्य सम्बन्धी मापदण्डहरु पालना गरेको/नगरेको			
२	शौचालयको नियमित सरसफाई गरेको/नगरेको			
३	महिला र पुरुषको लागि भिन्दा भिन्दै शौचालयको व्यवस्था भएको / नभएको			
४	भवन परिसरको सरसफाई भएको/नभएको			
५	ग्राहक कक्ष तथा भान्सामा झ्याल ढोका तथा भेन्टिलेशनको व्यवस्था भएको/ नभएको			
६	फोहरमैलाको उचित व्यवस्थापन भएको / नभएको			
७	स्टेजको नियमित सरसफाईको प्रवन्ध भएको / नभएको			
८	टेबुल, कुर्ची र रुमाल लगायतका फर्निचर एवम् कपडाहरुको उचित सरसफाई भएको/ नभएको			
९	खाने परिकारहरु गुणस्तरीय, स्वच्छ, सफा र ताजा भएको / नभएको			

छ. सुरक्षा सम्बन्धी व्यवस्था

क.स.	विवरण	छ	छैन	कैफियत
१	व्यावसायिक स्थलको (Entry & Exit) प्रवेशद्वार, वरिपरी तथा आसपासको सडक क्षेत्रसम्मको पहुँच हुने गरी सि.सि.टि.भि.को व्यवस्था गर्नुपर्ने र नियमानुसार त्यसको रेकर्ड कम्तिमा ३० दिनसम्म सुरक्षित राख्ने व्यवस्था भएको/नभएको			
२	व्यवसाय स्थलमा Sound Control System जडान गरी ध्वनि प्रदूषण नियन्त्रण गर्न उचित व्यवस्था भएको हुनुपर्ने, व्यवसायीले रात्रीको समयमा आसपासको क्षेत्रमा ध्वनि प्रदूषण हुने गरी आवाज बजाई छर छिमेकीलाई बाधा पुगेको/नपुगेको			
३	Live Music, Pub Dance club, Disco, दोहोरी आदिमा प्रयोग हुने उपकरणहरूलाई आवाज वाहिर नजाने गरी अनिवार्य रुपमा Sound Proof गर्ने उपाय अवलम्बन गरी ध्वनि प्रदुषण तथा होहल्ला नहुने व्यवस्था मिलाएको/नमिलाएको			
४	मादक पदार्थ सेवन गरेका सेवाग्राहीले होटल/रेष्टुरेन्ट परिसर छोड्दा व्यवसायीले निज सेवाग्राहीलाई सुरक्षित यातायात (Drop) को व्यवस्था मिलाएको/नमिलाएको			



५	व्यवसायस्थल परिसरभित्र तथा आगमन र प्रस्थान हुने कम्तीमा १०० मिटरसम्मको सडक र आसपासका क्षेत्रहरुमा आवश्यक मात्रामा बत्तीको व्यवस्था मिलाई आवतजावत गर्न सजिलो हुने प्रबन्ध मिलाएको/नमिलाएको			
६	व्यवसायको नाम र ठेगाना उल्लेख गरी सजिलै देख्न सकिने ठाउँमा Digital Display Board को व्यवस्था गरेको/नगरेको			
७	आवश्यकता अनुसार अग्नि नियन्त्रण (Fire Extinguisher) सामग्रीको व्यवस्था गरेको/नगरेको			
८	व्यावसायिकस्थलको आन्तरिक सुरक्षाको लागि परिचय पत्र र ड्रेस सहितको सुरक्षा गार्डहरुको (आवश्यक्ता अनुसार) अनिवार्य व्यवस्था मिलाएको/नमिलाएको			
९	आपत् परेको अवस्थामा आपत्कालीन द्वार प्रयोग गरी सहज तरिकाले बाहिर आउने प्रबन्ध मिलाएको/नमिलाएको			
१०	होटलमा कर्मचारी तथा कामदारको नियमित अभिलेख राख्ने व्यवस्था मिलाएको/नमिलाएको			
११	छिमेकी एवम् आसपासको समुदायलाई कुनै असर नपर्ने र गुनासो नआउने गरी व्यवसाय सञ्चालन गरेको/नगरेको			
१२	नजिकको सुरक्षा निकायसँग सम्पर्क र समन्वय गरी आवश्यक परेका बखत सहयोग लिनसक्ने प्रबन्ध मिलाएको/नमिलाएको			
१३	प्रचलित कानूनमा भएका व्यवस्था परिपालना गरी सार्वजनिक नैतिकता र शान्ति सुरक्षालाई सकारात्मक टेवा पुग्ने गरी व्यवसाय सञ्चालन गरेको/नगरेको			
१४	विद्युत आपूर्तिको वैकल्पिक व्यवस्था गरेको/नगरेको			
१५	सेवाग्राहीले पालना गर्नुपर्ने आचरण देख्ने गरी राखेको/नराखेको			
१६	होटल व्यवसायले विदेशी नागरिकहरुको हकमा पासपोर्ट र नेपाली नागरिकहरुको हकमा परिचयपत्रको रेकर्ड राखेर मात्र होटल वासको व्यवस्था गरेको/नगरेको			

ज. अन्य व्यवस्था

क्र.स.	विवरण	छ	छैन	कैफियत
१	मूल्यसूची राखे / नराखेको			
२	व्यवसायी आफुले सञ्चालन गरेको व्यवसायको प्रमाणपत्रहरु सबैले देख्ने ठाँउमा राखेको/ नराखेको			
३	समय समयमा कर्मचारी र कामदारलाई काम सम्बन्धी तालिम प्रशिक्षण दिने गरेको/नगरेको			
४	व्यवसाय सञ्चालनका सम्बन्धमा समुदायस्तरमा कुनै विवाद भएको नभएको			
५	आचार संहिताको पालना भएको / नभएको			
६	विद्युत आपूर्तिको वैकल्पिक व्यवस्था भएको / नभएको			

झ. सेवाग्राहीले पालना गर्नपर्ने आचरण

क्र.स.	विवरण	छ	छैन	कैफियत
१	श्रमजीवी कर्मचारी तथा कामदारहरुप्रति सम्मानजनक व्यवहार गरेको / नगरेको			
२	मादक पदार्थ सेवन गरी होहल्ला गर्ने एवम् अभद्र व्यवहार गरेको / नगरेको			

३	यौन उत्पीडन यौन शोषण तथा अमर्यादित व्यवहार गर्न वा गर्न लगाउने वा सो को दुरुत्साहन गरेको / नगरेको			
४	कानूनले निषेधित गरेको अन्य कार्यहरु गरेको / नगरेको			

ञ. कर्मचारी तथा कामदारले पालना गर्नु पर्ने आचारण पालना

क.स.	विवरण	छ	छैन	कैफियत
१	व्यवसायलाई मर्यादित र व्यवस्थित रुपमा सञ्चालन गर्न व्यवसाय सञ्चालकलाई सहयोग पुऱ्याएको / नपुऱ्याएको			
२	व्यवसाय सञ्चालकबाट निर्धारण गरिएको पोशाक तथा परिचयपत्र लगाएको/ नलगाएको			
३	सेवाग्राहीहरुसँग शिष्ट र मर्यादित व्यवहार प्रदर्शन गरेको / नगरेको			
४	आफ्नो कार्य समयमा मादक पदार्थ सेवन गर्ने तथा सेवाग्राही सँगै बस्ने तथा खाने गरेको / नगरेको			
५	एक आपसमा सहयोगको भाव भएको/नभएको			
६	उत्तेजक पोशाक लगाई नृत्य तथा गीत गाउने गरेको / नगरेको			
७	प्रचलित श्रम तथा अन्य कानूनमा भएकोका व्यवस्थाको पालना भएको/ नभएको			

ट. दफा १२ को उपदफा ३ बमोजिम रात्रीको २:०० बजेसम्म संचालन गर्ने व्यवसायका लागि थप सूचक

क.स.	विवरण	छ	छैन	कैफियत
१	कलाकारहरूले गायन तथा नृत्य प्रदर्शन गर्दा मौलिकता, संस्कृति झल्कने तथा सीपमूलक नृत्य प्रदर्शन गर्नुपर्नेछ र डान्सबार तथा नृत्य मनोरञ्जन हुने स्थानमा अश्लिलता प्रदर्शन नहुने गरी स्वस्थ, सभ्य एवं मर्यादित रुपमा मनोरञ्जन दिने गरी गायन तथा नृत्य प्रदर्शन गर्ने व्यवस्था गरेको/ नगरेको			
२	रात्रीकालीन २:०० बजेसम्म संचालन हुने डान्स रेष्ट्रेरेन्ट एण्ड बार, दोहोरी, लाइभ व्याण्ड, लाउन्ज बार, पब बार, क्लब र डिस्कोथेक जस्ता व्यवसायमा १८ वर्ष मुनिका बालबालिकाहरूलाई ग्राहकको रूपमा प्रवेश गराउन नपाइने व्यवस्था गरेको/ नगरेको			
३	१८ वर्ष नपुगेका ग्राहकलाई सूर्ती तथा मदिराजन्य पदार्थ बिक्री गर्न पाइने छैन र धुम्रपान तथा सूर्ति सेवन नगर्ने व्यक्तिलाई असर नपर्ने स्थानमा धुम्रपान तथा सूर्ति सेवन गर्ने प्रयोजनका लागि छुट्टै क्षेत्र (Smoking Zone) तोक्ने व्यवस्था गरेको/ नगरेको			
४	सेवा लिए पश्चात् व्यवसाय स्थलबाट घरसम्म पुयाइदिन सेवाग्राहीले अनुरोध गरेमा व्यवसायीले सवारी साधनको व्यवस्थापन गरेको/ नगरेको			
५	रात्रीकालीन २:०० बजेसम्म संचालन हुने व्यवसायमा गीत सङ्गित बजाउदा छर छिमेकीहरुसम्म आवाज नपुग्ने गरी व्यवसायीले साउण्ड प्रुफ भवन निर्माण गरी बाहिर हो-हल्ला तथा आवाज नजाने उचित प्रवन्ध गरेको/ नगरेको			
६	प्रचलित कानूनले वन्देज गरेका कुनै पनि प्रकारका गैरकानूनी क्रियाकलाप गर्न, गराउन पाइने छैन, सोको सुनिश्चितता गरेको/ नगरेको			



७	सेवाग्राहीको सवारी साधन पार्किङ्ग गर्नका लागि सम्बन्धित व्यवसायीले पार्किङ्गको अनिवार्य व्यवस्था गरेको/ नगरेको			
८	रात्रीकालीन २:०० बजेसम्म संचालन हुने व्यवसायमा अतिरिक्त समयमा काम लगाउनु पर्दा समयावधिका आधारमा सम्बन्धित कामदारलाई अतिरिक्त सुविधा दिने गरेको/ नगरेको			
९	कर्मचारीलाई सिफ्ट (आलो पालो) व्यवस्थापन गरी काममा लगाएको छ/छैन			
१०	रात्रीकालीन २:०० बजेसम्म संचालन हुने व्यवसायमा कर्मचारीलाई घर/कोठा बाट आउन जान Pick up & drop को व्यवस्था गरेको/ नगरेको			
११	कर्मचारीलाई रात्रीकालीन खानाको व्यवस्थापन गरेको/ नगरेको			
१२	कार्यालयस्थलमा यौन शोषण, यौनजन्य हिंसा, लैङ्गिक हिंसा र दुर्व्यवहार नहुने वातावरण निर्माण गरेको/नगरेको			
१३	व्यवसाय पूर्ण रुपमा Sound proof हुनुपर्ने, कुनैपनि व्यवसायीले रात्रीको २:०० बजेसम्म गित सङ्गित बजाउदा आसपासको क्षेत्रमा ध्वनीप्रदुषण हुने गरी आवाज आएको/नआएको र छर छिमेकीलाई बाधा पुगेको/नपुगेको			
१४	Live Music, Pub Dance club, Disco, दोहोरी आदिमा प्रयोग हुने उपकरणहरूलाई आवाज बाहिर नजाने गरी अनिवार्य रुपमा Sound Proof गर्ने उपाय अवलम्बन गरी ध्वनि प्रदुषण तथा होहल्ला नहुने व्यवस्था मिलाएको छ/छैन			
१५	मादक पदार्थ सेवन गरेका सेवाग्राहीले होटल/रेष्टुरेन्ट परिसर छोड्दा व्यवसायीले निज सेवाग्राहीलाई सुरक्षित यातायातको व्यवस्था (Drop) गरिदिने व्यवस्था मिलाएको/नमिलाएको			
१६	सेवा लिए पश्चात व्यवसाय स्थलबाट घरसम्म पुऱ्याइदिन ग्राहकले अनुरोध गरेकोमा व्यवसायीले नियमानुसार सवारी साधनको व्यवस्था गरेको/नगरेको			
१७	उत्तेजक पोशाक (Dress) लगाई नृत्य तथा गीत गाउने कार्यलाई नियन्त्रण गरेको/नगरेको			
१८	व्यावसायिकस्थलको आन्तरिक सुरक्षाको लागि परिचय पत्र र ड्रेस सहितको सुरक्षा गार्डहरुको (आवश्यक्ता अनुसार) अनिवार्य व्यवस्था गरेको/नगरेको			
१९	आपत् परेको अवस्थामा आपतकालीन द्वार प्रयोग गरी सहज तरिकाले बाहिर आउने प्रबन्ध मिलाएको/नमिलाएको			
२०	रात्रीकालीन २:०० बजेसम्म संचालन हुने व्यवसायमा काम गर्ने कामदार/ कर्मचारीको नाम, वतन, सम्पर्क नम्बर सहितको अभिलेख राख्ने व्यवस्था गरेको/ नगरेको			
२१	छिमेकी एवम् आसपासको समुदायलाई कुनै असर नपर्ने र गुनासो नआउने गरी रात्रीकालीन २:०० बजेसम्म संचालन हुने व्यवसाय सञ्चालन गरेको/नगरेको			

संचालकको नामथरः

हस्ताक्षरः

अनुगमन कर्ताको नाम थरः

हस्ताक्षर :